लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरूको उपचार सम्बन्धी कार्यविधि, २०८२

स्वीकृत मिति: २०८२/06/30

**प्रस्तावना:** सशस्त्र द्वन्द्वको क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरूको उपचारमा सहयोग गर्न आ.व. २०८२/८३ मा स्वीकृत कार्यक्रममा उल्लेख भएको **सशस्त्र द्वन्द्वका घाइते उपचार खर्च** कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानुन मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरूको उपचार सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अस्पताल" भन्नाले द्वन्द्व प्रभावित घाइते तथा अपाङ्ग व्यक्तिले उपचार गर्न दफा ६ बमोजिम तोकिएको अस्पताल सम्झनुपर्छ।

(ख) "औषधी उपचार सेवा" भन्नाले सम्झौता बमोजिम अस्पतालबाट सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरूलाई उपलब्ध गराउने औषधी तथा उपचार सेवा सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालय सम्झनुपर्छ।

(घ) "सशस्त्र द्वन्द्व" भन्नाले २०५२ साल फागुन १ देखि २०६३ मंसिर ५ सम्म तत्कालीन माओवादीद्वारा सरकारविरुद्ध गरेको सशस्त्र द्वन्द्व सम्झनुपर्छ।

३. **औषधी उपचार सेवाका लागि सूचना प्रकाशन गरिने:** (१) मन्त्रालयले औषधी तथा उपचार सेवा लिन इच्छुक सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग व्यक्तिहरूलाई लक्षित गरी आफ्नो वेबसाइट तथा राष्ट्रिय दैनिक मार्फत कम्तीमा तिस दिनको सूचना प्रकाशन गर्नेछ।



मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपश्चात सोसम्बन्धी जानकारी लुम्बिनी प्रदेशभित्रका सबै जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ।

४. आवेदन दिनुपर्ने: (१) दफा ३ बमोजिमको सूचना प्रकाशन भएपश्चात सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग व्यक्तिहरूले अनुसूची-१ को ढाँचामा सूचनामा तोकिएको अवधिभित्र मन्त्रालयसमक्ष आवेदन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने आवेदन विद्युतीय माध्यमबाट समेत गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको आवेदन पेस गर्दा देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछः -

(क) नेपाली नागरिकताको प्रमाणित (आवेदक आफैले प्रमाणित गरेको) प्रतिलिपि,

(ख) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो,

(ग) जिल्ला प्रशासन कार्यालयले दिएको सशस्त्र द्वन्द्वको क्रममा अपाङ्ग, घाइते वा अशक्त भएको भन्ने व्यहोराको सिफारिस पत्र,

(घ) स्वास्थ्य समस्या पहिचान सम्बन्धी अस्पताल वा चिकित्सकको सिफारिस (प्रेस्क्रिप्सन) भएमा सोको प्रतिलिपि,

(ङ) स्वास्थ्य समस्यासँग सम्बन्धित वा पहिचान खुल्ने अन्य कागजात भए त्यस्तो कागजात।

५. छनोट सम्बन्धी व्यवस्था: (१) मन्त्रालयमा दफा ४ बमोजिम प्राप्त आवेदनसाथ संलग्न कागजातउपर अध्ययन तथा रुजु गरी योग्य आवेदकहरूलाई औषधी उपचारका लागि अस्पतालसमक्ष सिफारिस गर्ने जिम्मेवारी शान्ति सुरक्षा शाखा प्रमुखको हुनेछ।

(२) यस दफा बमोजिम औषधी उपचारको लागि सिफारिस भएका व्यक्तिहरूको विवरणसहितको अभिलेख मन्त्रालयले राख्नेछ।

६. अस्पतालको छनौट तथा सम्झौता सम्बन्धी व्यवस्था: (१) मन्त्रालयले यस कार्यविधि बमोजिम उपचारको लागि छनौट भएका सशस्त्र द्वन्द्वको क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरूको औषधी उपचार गराउन देहायका अस्पताल छनौट गर्नेछः-

(क) लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल,

(ख) भेरी अस्पताल, बाँके,

(ग) राप्ती प्रादेशिक अस्पताल, दाङ।

(२) उपदफा (१) बमोजिमका अस्पतालसँग मन्त्रालयले सोझै वार्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

७. <u>रकम भुक्तानी र अस्पतालको दायित्त्व:</u> (१) मन्त्रालयले यस कार्यविधि बमोजिम सम्झौता गर्ने लुम्बिनी प्रादेशिक अस्पताल, बुटवललाई विनियोजित वजेटको साठी प्रतिशत, राप्ती प्रादेशिक अस्पताल, दाङलाई तिस प्रतिशत र भेरी अस्पताल, बाँकेलाई दश प्रतिशत छुट्याई अख्तियारी प्रदान गर्नेछ।

(२) अस्पतालले यस कार्यविधि बमोजिम सिफारिस भई आएका सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरूलाई उपदफा (१) बमोजिमको अख्तियारी रकमबाट औषधी उपचार सेवा उपलब्ध गराउनु पर्नेछ।

(३) औषधी उपचार सम्बन्धी अन्य व्यवस्था अस्पताल र मन्त्रालयबिच भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

८. <u>औषधी उपचार सेवाको प्रकृति</u>: अस्पतालले मन्त्रालयले गरेको सिफारिसको आधारमा सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरूलाई आवश्यक पर्ने औषधी उपचार सेवा प्रदान गर्नेछ।

९. <u>औषधी उपचार सेवा सम्बन्धी व्यवस्था</u>: (१) अस्पतालले मन्त्रालयबाट सिफारिस भई आएका सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिलाई देहाय बमोजिम औषधी उपचार सेवा प्रदान गर्नुपर्नेछः-

(क) औषधी उपचारको क्रममा गर्नुपर्ने परीक्षण (एक्स-रे, भिडियो एक्स-रे, सिटी स्क्यान, ल्याव टेष्ट, कृत्रिम अङ्ग जडान आदि) र अन्य औषधी उपचार सेवा,

(ख) औषधी उपचार सेवा लिनका लागि अस्पतालसम्म आउँदा-जाँदा लाग्ने यातायात खर्च र रा.प. तृतीय श्रेणी अधिकृतले कानुन बमोजिम पाउने दैनिक भ्रमण भत्ता बराबरको अनुसूची-३ बमोजिमको भत्ता रकम,

<u>स्पष्टीकरण</u>: "यातायात खर्च" भन्नाले घरबाट अस्पतालसम्म आउँदा-जाँदा लाग्ने प्रचलित भाडादर सम्झनुपर्छ।

मा. आदेश कुमार अग्रवाल
मन्त्री

(ग) औषधी उपचारको क्रममा गरिने परीक्षण, औषधी र औषधी उपचार सेवा,

(घ) औषधी उपचार गर्ने क्रममा चिकित्सकले प्रेस्क्रिप्सनमा बिरामीलाई Follow Up गर्नुपर्ने भनी लेखिएमा सो बापतको दैनिक भ्रमण भत्ता,

(ङ) खण्ड (घ) बमोजिम फलोअप जाँच गर्न जाँदा मन्त्रालयको सिफारिस लिई जानु पर्नेछ।

(२) अस्पतालले यस दफा बमोजिम औषधी उपचार प्रदान गर्दा लाग्ने खर्चको सीमा पचास हजार हुनेछ।

तर कृत्रिम खुट्टा राख्ने जस्ता विशेष उपचारका लागि बढीमा एक लाख रूपैयाँसम्म खर्च गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको औषधी उपचार गर्दा लाग्ने खर्चमा दैनिक तथा भ्रमण खर्च समेत समावेश गरिनेछ।

(४) सशस्त्र द्वन्द्वको क्रममा गम्भीर रूपमा घाइते तथा अपाङ्ग भई एक्लै उपचार गर्न आउन नसक्नेका लागि बस्नुपर्ने एक जना कुरुवालाई समेत उपदफा (३) बमोजिमको दैनिक तथा भ्रमण खर्च सुविधा उपलब्ध गराउन सकिनेछ।

१०. <u>प्रशासनिक खर्च व्यवस्थापनः</u> (१) अस्पतालले यस कार्यविधि बमोजिम प्राप्त भएको अख्तियारी रकम मध्येबाट बढीमा दश प्रतिशतसम्म प्रशासनिक खर्च गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्दा लुम्बिनी प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ र सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को पालना हुने गरी गर्नु पर्नेछ।

११. <u>लेखाङ्कन सम्बन्धी व्यवस्थाः</u> (१) अस्पतालले औषधी उपचारको क्रममा गर्नुपर्ने परीक्षण खर्च, औषधी उपचार खर्च लगायतका अख्तियार प्राप्त रकमबाट भएको अन्य खर्चको विवरण दुरुस्त राखी लेखासम्बन्धी प्रचलित कानुन बमोजिम फरफारक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अख्तियार प्राप्त रकमबाट भएको खर्च विवरण फरफारक गरे पश्चात बाँकी भएको रकम अस्पतालले मन्त्रालयलाई फिर्ता गर्नु पर्नेछ।

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

१२. <u>अनुगमन सम्बन्धी व्यवस्थाः</u> औषधी उपचारको प्रभावकारिता, गुणस्तर तथा सम्झौता बमोजिम औषधी उपचार भए नभएको सम्बन्धमा मन्त्रालयले जुनसुकै बखत अनुगमन गर्नेछ।

१३. <u>मन्त्रालयले निर्णय गर्न सक्नेः</u> यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा बाधा/समस्या उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गर्नेछ र उक्त निर्णय अन्तिम हुनेछ।

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल।

फोटो

विषयः औषधी उपचार सेवा उपलब्ध गराई पाऊँ।

प्रस्तुत विषयमा म सशस्त्र द्वन्द्वको क्रममा घाइते/अपाङ्ग/अशक्त भएकोले औषधी उपचार सेवाका लागि निम्न बमोजिमको विवरण र कागजातसहित निवेदन पेस गरेको छु। मैले पेस गरेको कागजातहरू ठिक साँचो छ, झुट्टा ठहरेमा कानुन बमोजिम सहुँला/बुझाउँला।

१. नामथर..........................................................उमेर........................लिङ्ग..........
२. ठेगानाः-
जिल्ला...................गाउँपालिका/नगरपालिका...........................वडा.......टोल..........
३. सम्पर्क नं.:-
४. शरीरको अङ्ग, संरचना, प्रणालीमा आएको क्षतिको विवरणः-
५. क्षति भएपछि दैनिक नियमित क्रियाकलापमा आएको अवरोध/पीडाः-
६. क्षति पुगेको घटना (स्मरण भएसम्म)
(क) स्थानः (ख) घटना भएको मितिः (ग) द्वन्द्व प्रभावित भई परेको असरः
७. हालसम्मको औषधी उपचारको अवस्था, प्रयासः-
८. यस अघि सहयोग प्राप्त गरेको भए, (क) प्रदान गर्ने संस्थाः
(ख) सहयोगको प्रकृतिः
९. वर्तमान शारीरिक अवस्थाः
१०. सहायक सामग्री प्रयोग गर्नुपर्ने आवश्यकता भएको वा नभएकोः
११. सहायक सामग्री प्रयोग गर्ने गरेको भए सामग्रीको नामः
१२. कुन विषय वा प्रकृतिको औषधी उपचार सेवा जरुरी छ (सम्बन्धित अस्पतालको सिफारिस पत्र वा रिपोर्ट):
१३. सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सशस्त्र द्वन्द्व वा त्यसको प्रभावका कारणले घाइते, अपाङ्ग/अशक्त भएको सिफारिस पत्र।

निवेदक
दस्तखतः-
नामथरः-
ठेगानाः-
सम्पर्क नं.:
मितिः

मा. आदेश कुमार अ...

अनुसूची-२
(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)
**सम्झौतापत्रको ढाँचा**

लुम्बिनी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय र ..........................................अस्पतालबिच सशस्त्र द्वन्द्वका घाइते, अपाङ्ग/अशक्तहरूको औषधी उपचार कार्यक्रम सञ्चालनका लागि भएको
**सम्झौतापत्र**

हामी यस सम्झौताका दुइ पक्ष प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल (यसपछि यस लिखतमा प्रथम पक्ष भनिएको) र तोकिएको अस्पतालका तर्फबाट मेडिकल सुपरिन्टेन्डेन्ट (अस्पताल प्रमुख) (यसपछि यस लिखतमा दोस्रो पक्ष भनिएको) बिचमा सशस्त्र द्वन्द्वका घाइते, अपाङ्ग र अशक्तहरूको औषधी उपचार कार्यक्रम सञ्चालनका लागि तल लेखिएका सर्तका आधारमा यो सम्झौता गर्न दुबै पक्ष मञ्जुर भई सहीछाप गरी एक/एक प्रति बुझी लियौं/दियौं।

(क) सशस्त्र द्वन्द्वका घाइते, अपाङ्ग अशक्तहरूको औषधी उपचार कार्यक्रम सञ्चालनका लागि पहिलो पक्षबाट सिफारिस भएका बिरामीहरूको स्वास्थ्य जाँच, परीक्षण, औषधी उपचार कार्यक्रम सञ्चालन गर्न चालु आ.व. को लागि दुबै पक्षको सहमति अनुसार आवश्यक पर्ने रकम रू........... पहिलो पक्षले दोस्रो पक्षलाई अख्तियारीको रूपमा उपलब्ध गराउनु पर्नेछ।

(ख) दोस्रो पक्षले पहिलो पक्षबाट सिफारिस भएका बिरामीहरूको स्वास्थ्य जाँच, परीक्षण, औषधी उपचार कार्यक्रम सञ्चालन गर्नका लागि अख्तियारी प्राप्त रकम मध्येबाट खर्च गरी सोको मासिक खर्च विवरण पहिलो पक्षलाई दिनु पर्नेछ।

(ग) दोस्रो पक्षले शारीरिक परीक्षण वा औषधी उपचार गराएका बिरामीहरूको विवरण सहितको फाइल सुरक्षित राखी सोको अभिलेख पहिलो पक्षलाई दिनु पर्नेछ।

(घ) दोस्रो पक्षले अख्तियारी प्राप्त भएको रकमबाट खर्च भएको रकम बाहेकको बाँकी हुन आउने रकम चालु आर्थिक वर्ष शुरु भएको १५ (पन्ध्र) गतेभित्र मन्त्रालयलाई फिर्ता गर्नु पर्नेछ।

(ङ) दोस्रो पक्षले औषधी उपचारलाई सहज बनाउनका लागि प्रथम पक्षबाट उपलब्ध गराइएको प्रशासनिक खर्चबाट छुटै स्वास्थ्यकर्मी वा अस्पतालमा कार्यरत एक जना स्वास्थ्यकर्मी तोकी निजलाई प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ र सोको जानकारी प्रथम पक्षलाई दिनु पर्नेछ।

(च) अस्पतालमा उपचार गराउन आउने लाभग्राहीहरूलाई दैनिक भ्रमण खर्च "**सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरूको उपचार सम्बन्धी कार्यविधि, २०८२**" बमोजिम उपलब्ध गराउनु पर्नेछ।

(छ) यस कार्यविधि बमोजिम भएको खर्चको आन्तरिक र अन्तिम लेखापरीक्षण गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ।



मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ज) सम्झौता अनुसारको कार्यक्रम सञ्चालन गर्दा कुनै द्विविधा वा समस्या पर्न आएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

(झ) यस कार्यविधिमा भएको व्यवस्थाका अतिरिक्ति अन्य व्यवस्था प्रचलित कानुनबमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| मन्त्रालयः | अस्पतालः |
| हस्ताक्षरः | हस्ताक्षर |
| मितिः | मितिः |
| साक्षीः | साक्षीः |

इति संवत् २०८२ साल ................. महिना .............. गते रोज ........... शुभम्................

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

अनुसूची - ३

(दफा ९ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

दौनिक भ्रमण भत्ता

(क) लुम्बिनी प्रादेशिक अस्पतालमा उपचारको लागि

(१) औषधी उपचारको लागि छनौट भएको अस्पताल रहेको जिल्लाका २० किलोमिटरभित्रको यातायात खर्चको लागि दैनिक रु. ५००/- सम्म पाउने गाउँपालिका/नगरपालिका

(क) नवलपरासीको सुनवल नगरपालिका

(ख) रुपन्देहीको बुटवल उप-महानगरपालिका, सैनामैना नगरपालिका, तिलोत्तमा नगरपालिका र देवदह नगरपालिका

(२) २ दिनसम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) रूपन्देही र नवलपरासी जिल्लाको यातायात खर्च पाउने गाउँपालिका/नगरपालिका बाहेकका अन्य गाउँपालिका र नगरपालिकाहरू

(ख) कपिलवस्तु,

(३) ३ दिनसम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) बाँके, बर्दिया, दाङ, पाल्पा, अर्घाखाँची, गुल्मी, प्यूठान

(४) ४ दिनसम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) रोल्पा

(५) ५ दिनसम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) रुकुम (पूर्वी भाग)।

(ख) राप्ती प्रादेशिक अस्पतालमा उपचारको लागि

(१) औषधी उपचारको लागि छनौट भएको अस्पताल रहेको जिल्लाका २० किलोमिटरभित्रको यातायात खर्चको लागि दैनिक रू. ५००/- पाउने

(क) दाङ्गको घोराही उप-महानगरपालिका

(२) २ दिनसम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्ला/स्थानीय तह

(क) दाङ्गको घोराही उप-महानगरपालिकाबाहेक अन्य स्थानीय तहहरू

(३) ३ दिनसम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) रोल्पा, प्यूठान, रुपन्देही, कपिलवस्तु, बाँके र अर्घाखाँची,

(४) ४ दिनसम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) गुल्मी, पाल्पा, नवलपरासी (ब.सु.प.), र बर्दिया

(५) ५ दिनसम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्ला



मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(क) रुकुम (पूर्वी भाग)।

(ग) भेरी अस्पतालमा उपचारको लागि

(१) औषधी उपचारको लागि छनौट भएको अस्पताल रहेको जिल्लाका २० किलोमिटरभित्रको यातायात खर्च को लागि दैनिक रु. ५००/- पाउने

(क) बाँके जिल्लाको नेपालगञ्ज उप-महानगरपालिका, जानकी गाउँपालिका, खजुरा गाउँपालिका, डुडुवा गाउँपालिका र कोहलपुर नगरपालिका।

(२) २ दिनसम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) बाँके जिल्लाको यातायात खर्च मात्र पाउने गाउँपालिका/नगरपालिका बाहेकका अन्य गाउँपालिका र नगरपालिकाहरू

(ख) बर्दिया जिल्ला

(३) ३ दिनसम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) दाङ र कपिलवस्तु

(४) ४ दिनसम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) रोल्पा, प्यूठान, रुपन्देही, अर्घाखाँची र गुल्मी

(५) ५ दिनसम्मको दैनिक भ्रमण भत्ता पाउने जिल्लाहरू

(क) पाल्पा, नवलपरासी र रुकुम (पूर्वी भाग)।

मा. आदेश कुमार अग्रवाल
मन्त्री